## नेपाल सरकार, मन्त्रिपरिषद्को २०८३ बैशाख २ गतेको बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सर्वोच्च अदालतका पूर्व न्यायाधीश श्री राजेन्द्रकुमार भण्डारीको संयोजकत्वमा पूर्वन्यायाधीश श्री पुरूषोत्तम पराजुली, पूर्वन्यायाधीश श्री चण्डीराज ढकाल, पूर्व प्रहरी नायब महानिरीक्षक श्री गणेश के.सी र चार्टर्ड एकाउन्टेन्ट श्री प्रकाश लम्साल सदस्य रहेको वि. सं. २०६२/६३ देखि हाल (२०८२/८३) सम्म सार्वजनिक पद धारण गरेका प्रमुख राजनीतिक पदाधिकारी तथा उच्चपदस्थ कर्मचारीहरूको सम्पत्ति विवरणको सङ्कलन, प्रमाणीकरण तथा छानबिन गर्न जाँचबुझ आयोग गठन गर्ने। |
| २ | अर्थ मन्त्रालय | बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप कोषमा स्वीट्जरल्याण्ड सरकारबाट प्राप्त हुने स्वीस फ्रान्क (CHF) १ मिलियन बराबरको अनुदान सहायता प्राप्त गर्ने। |
| ३ | अर्थ मन्त्रालय | आन्तरिक राजस्व विभागको उपमहानिर्देशक, निर्देशक र शाखा अधिकृत, ठुला करदाता कार्यालय तथा मध्यमस्तरीय करदाता कार्यालयको प्रमुख कर प्रशासक, प्रमुख कर अधिकृत र कर अधिकृत, आन्तरिक राजस्व कार्यालयका प्रमुख कर अधिकृत र कर अधिकृत तथा ५२ वटा कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख कोष नियन्त्रक वा कोष नियन्त्रकलाई तोकिएको क्षेत्र हेर्ने गरी अन्तःशुल्क अधिकृतको रूपमा तोक्ने। |
| ४ | अर्थ मन्त्रालय | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (तेस्रो संशोधन) नियमावली स्वीकृत गर्ने। |
| ५ | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | नेपाल सरकार र गणतन्त्र भारत सरकारबिच हस्ताक्षर सम्पन्न भएको नेपाल सरकार र गणतन्त्र भारत सरकारबिच फौजदारी विषयमा पारस्परिक कानूनी सहायतासम्बन्धी सम्झौता २०८२ फागुन ५ मा हस्ताक्षर गरी स्वीकार गरिएको सूचना जानकारीका लागि प्रतिनिधि सभामा पेश गर्ने। |
| ६ | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | उच्च अदालत पाटनका माननीय न्यायाधीश श्री चन्द्रबहादुर सारुलाई सो अदालतको कामकाजसमेत गर्नेगरी सैनिक विशेष अदालतको अध्यक्ष तोक्ने। |

| | | |
|---|---|---|
| ७ | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | उच्च अदालत पाटनका माननीय न्यायाधीश श्री टंकप्रसाद गुरुङलाई सो अदालतको कामकाजसमेत गर्ने गरी काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ बमोजिमको पुनरावेदन समितिको अध्यक्ष तोक्ने। |
| ८ | गृह मन्त्रालय | Learn and Earn कार्यक्रमअन्तर्गत अध्ययनको लागि इजरायल गएको अवस्थामा गाजामा भएको घटनामा परी मृत्यु भएका विपिन जोशीको परिवारलाई दश लाख रूपियाँ आर्थिक सहायता उपलब्ध गराउने। |
| ९ | गृह मन्त्रालय | २०८२ भदौ २३ र २४ गतेको घटनाको जाँचबुझ गर्न गठित जाँचबुझ आयोगले पेश गरेको प्रतिवेदन कार्यान्वयनको सम्बन्धमा सुरक्षा संयन्त्रको हकमा अध्ययन गरी सिफारिस गर्न उच्च अदालतका पूर्व न्यायाधीश श्री प्रेमराज कार्कीको संयोजकत्वमा सशस्त्र प्रहरी बलका पूर्व प्रहरी अतिरिक्त महानिरीक्षक श्री सुवोधकुमार अधिकारी र नेपाल प्रहरीका पूर्व प्रहरी अतिरिक्त महानिरीक्षक श्री टेकप्रसाद राई सदस्य रहेको समिति गठन गर्ने। |
| १० | भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | भूमि सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने। |
| ११ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | राष्ट्रिय राजमार्गमा पर्ने १६२ वटा निर्माणाधीन पुलहरू र स्थानीय सडक पुल निर्माणअन्तर्गत आ.व. २०७९/८० सम्म ठेक्का व्यवस्थापन भई निर्माणाधीन ३०३ वटा पुलहरूको अनिवार्य दायित्व भुक्तानी गर्न आवश्यक रकम रकमान्तर तथा थप बजेट व्यवस्थापन गर्ने। |
| १२ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | सङ्घीय राजधानी शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण नियमावली स्वीकृत गर्ने। |
| १३ | रक्षा मन्त्रालय | नेपाली सेना, सैनिक साधारण सेवाका दुईजना महासेनानीहरूको सहायक रथी दर्जामा बढुवा गर्ने। |
| १४ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान र नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान गाभी एकीकृत रूपमा सञ्चालन गर्न नेपाल पर्यटन, होटल तथा पर्वतीय प्रतिष्ठान विकास समिति (गठन आदेश) स्वीकृत गर्ने। |
| १५ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | आरोग्य पर्यटन रणनीति (सन् २०२६-२०३५) तथा कार्ययोजना (सन् २०२६-२०३०) स्वीकृत गर्ने। |

| | | |
|---|---|---|
| १६ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड स्वीकृत गर्ने। |
| १७ | शहरी विकास मन्त्रालय | दोस्रो बागमती कार्ययोजना (२०८२-२१०२) स्वीकृत गर्ने। |
| १८ | शहरी विकास मन्त्रालय | (क) आ.व. २०८१/८२ को अवधि वा सो भन्दाअघि नै निर्माण सम्पन्न भएका कार्यक्रमहरूको भुक्तानी दायित्व बाँकी रहेकोमा चालु आ.व. २०८२/८३ को बजेट तथा कार्यक्रममा क्रियाकलाप थप गरी रकमान्तरमार्फत बाँकी रहेको दायित्व फरफारक गर्ने।<br>(ख) विगतका आर्थिक वर्षमा निर्माण सुरुवात भई हाल निर्माणाधीन अवस्थामा रहेको तथा आ.व २०८२/८३ को मन्त्रालयस्तरीय बजेट सूचना प्रणालीमा प्रविष्टि छुट भएको कार्यक्रमहरू चालु आ.व. २०८२/८३ को बजेट तथा कार्यक्रममा क्रियाकलाप थप गरी रकमान्तरमार्फत सिर्जित दायित्व भुक्तानी गर्ने।<br>(ग) विगत आर्थिक वर्षमा क्रमागत तथा बहुवर्षिय रूपमा सञ्चालन भएको एवं अर्थ मन्त्रालयबाट स्रोत सहमति नलिइ ठेक्का सम्झौता भएको कार्यक्रमको चालु आ.व. २०८२/८३ को बजेट तथा कार्यक्रममा विनियोजित बजेट नपुग भएमा रकमान्तर मार्फत बजेट व्यवस्थापन गर्ने। |
| १९ | सचिव श्री राम आधार साहलाई अनिवार्य अवकासको जानकारी गराउने तथा निजामती सेवामा रही पुऱ्याउनु भएको योगदानको लागि धन्यवाद दिने। | |

## संवत् २०८३ साल वैशाख ८ गतेको नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम संवत् २०८२ साल वैशाख १७ गते बिहीबारका दिन १४:०० बजे संघीय संसद् भवन, सिंहदरबारमा संघीय संसद्को दुवै सदनको अधिवेशन आह्वान हुन सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने। | |
| २ | अर्थ मन्त्रालय | नेपाल धितोपत्र बोर्डको रिक्त अध्यक्ष पदमा नियुक्ति गर्ने प्रयोजनको लागि नाम सिफारिस गर्न राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. गुणाकर भट्टको संयोजकत्वमा अर्थ मन्त्रालयका सचिव डा. घनश्याम उपाध्याय र श्री भुवन कुमार दहाल, रौतहट विशेषज्ञ रहने गरी सिफारिस समिति गठन गर्ने। |
| ३ | अर्थ मन्त्रालय | नेपाल बीमा प्राधिकरणको सञ्चालक समितिको रिक्त अध्यक्ष पदमा नियुक्ति गर्ने प्रयोजनको लागि नाम सिफारिस गर्न राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. गुणाकर भट्टको संयोजकत्वमा अर्थ मन्त्रालयका सचिव डा. घनश्याम उपाध्याय र प्रा.डा.फत्त बहादुर के.सी., काठमाडौं विशेषज्ञ रहने गरी सिफारिस समिति गठन गर्ने। |
| ४ | गृह मन्त्रालय | काठमाडौंस्थित जापानी राजदूतावासका पूर्व कर्मचारी श्री मधुसुदन राजभण्डारीलाई जापान सरकारद्वारा प्रदान गरिने The Order of Japan (The Order of the Sacred Treasure, Gold and Silver Rays) उपाधि ग्रहण गर्न स्वीकृति प्रदान गर्ने। |
| ५ | गृह मन्त्रालय | नेपाल विशेष सेवा ऐन, २०४२ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति दिने। |
| ६ | गृह मन्त्रालय | प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति दिने। |
| ७ | गृह मन्त्रालय | मतदाता नामावली ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति दिने। |
| ८ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको अध्यक्ष पदमा श्री डिल्लीराज आचार्य, प्युठान र सदस्य पदमा श्री नवराज सिम्खडा, धादिङ एवं श्री रोशन बहादुर शाक्य, ललितपुरलाई नियुक्ति गर्ने। |
| ९ | रक्षा मन्त्रालय | राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) (छैटौं संशोधन) आदेश, २०८२ स्वीकृत गर्ने। |

| | | |
|---|---|---|
| १० | वन तथा वातावरण मन्त्रालय | माथिल्लो मिदिम जलविद्युत आयोजनाको ३३ के. भि. प्रसारणलाइन निर्माणको लागि राष्ट्रिय वन क्षेत्रको कूल ६.६१३ हेक्टर जग्गा पच्चिस वर्षसम्म प्रयोग गर्न दिने र उक्त वन क्षेत्रमा रहेका विभिन्न प्रजातिका २४७ गोटा रुख/पोल हटाउन स्वीकृति दिने। |
| ११ | वन तथा वातावरण मन्त्रालय | बकान खोला जलविद्युत आयोजना निर्माणको लागि राष्ट्रिय वनको १८.३५ हेक्टर जग्गा २५ वर्षको लागि प्रयोग गर्न दिने र उक्त जग्गामा रहेका विभिन्न प्रजातिका १४४४ गोटा रुख/पोल हटाउन स्वीकृति दिने। |
| १२ | वन तथा वातावरण मन्त्रालय | माथिल्लो खुदी जलविद्युत आयोजना निर्माणको लागि राष्ट्रिय वनको ८.१५५ हेक्टर जग्गा २५ वर्षको लागि प्रयोग गर्न दिने र उक्त वन क्षेत्रमा रहेका विभिन्न प्रजातिका २०३ गोटा रुख/पोल हटाउन स्वीकृति दिने। |
| १३ | वन तथा वातावरण मन्त्रालय | नेपाल सरकार र गणतन्त्र कोरिया सरकारबिच हस्ताक्षर हुने Framework Agreement for Cooperation on Climate Change between the Government of the Republic of Korea and the Government of Nepal विषयक सम्झौता स्वीकृत गर्ने। |

## संवत् २०८३ साल वैशाख १० गतेको नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयहरू

| क.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | अर्थ मन्त्रालय | Integrated Water Supply and Sewerage Management (Sector) Project का लागि एसियाली विकास बैंकबाट प्राप्त हुने अमेरिकी डलर ११५ मिलियन सहुलियतपूर्ण ऋण सहायतासम्बन्धी वित्तीय सम्झौता तथा अन्य सम्बन्धित दस्तावेजलाई अन्तिम रूप दिने विषयमा वार्ता गर्न अर्थ मन्त्रालयका सहसचिवको नेतृत्वमा वार्ता टोली गठन गर्ने। |
| २ | परराष्ट्र मन्त्रालय | २०८३ वैशाख २१ र २२ गते रोमानियाको बुखारेष्टमा आयोजना हुने नेपाल र रोमानियाबिचको द्विपक्षीय परामर्श संयन्त्रको पहिलो बैठकमा सहभागी हुन परराष्ट्र मन्त्रालयका सचिवको नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गर्ने। |
| ३ | परराष्ट्र मन्त्रालय | नेपाली महावाणिज्यदूतावास, हङकङमा कार्यरत महावाणिज्यदूत डा. विन्देश्वरप्रसाद लेखकलाई बीस दिनभित्र परराष्ट्र मन्त्रालयमा हाजिर हुन आउने गरी फिर्ता बोलाउने। |
| ४ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | समस्याग्रस्त सहकारी संस्थाका सदस्यको बचत फिर्ता चक्रीय कोष स्थापना र सञ्चालन सम्बन्धी कार्यविधि, २०८३ स्वीकृत गर्ने। |
| ५ | रक्षा मन्त्रालय | नेपाली सेनाका तीनजना सहायक रथीहरूलाई सम्बन्धित सेवा, समूह तथा उपसमूहको उपरथी दर्जामा बढुवा गर्ने। |
| ६ | रक्षा मन्त्रालय | २०८३ वैशाख २८ देखि जेठ १ गतेसम्म United States Department of War द्वारा संयुक्त राज्य अमेरिकामा सञ्चालन हुने Pacific Air Chiefs Seminar (PACS) विषयक कार्यक्रममा सहभागी हुन पाइलट उपरथी श्री राम सुन्दर बोहरालाई स्वीकृति दिने। |
| ७ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | निजामती सेवा अन्तर्गत विभिन्न सेवाका पच्चिस जना राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव वा सो सरहका कर्मचारीहरूको सरुवा गर्ने। |
| ८ | नेपाल सरकार, मन्त्रिपरिषद्को २०७५ भदौ २१ को निर्णयबमोजिम महाराजगञ्जस्थित राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको पुरै जग्गा (११४-३-०-० रोपनी) राष्ट्रपतिको कार्यालयको नाममा हस्तान्तरण गर्ने गरी भएको निर्णयको सट्टामा सो जग्गा पूर्ववत रूपमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानले नै प्रयोग गर्ने गरी आवश्यक व्यवस्था मिलाउने। | |
| ९ | सरकारी निकायमा भएका सफ्टवयर तथा सूचना प्रविधि सम्बन्धी विषयमा अध्ययन गर्न सम्माननीय प्रधानमन्त्रीज्यूको सूचना तथा सञ्चार प्रविधि सल्लाहकारको संयोजकत्वमा अध्ययन कार्यदल गठन गर्ने। | |
| १० | सरकारी सार्वजनिक गुठी जग्गा हिनामिना सम्बन्धी प्रतिवेदन, २०७६ (मोहनरमण भट्टराई) कार्यान्वयन गर्ने। | |
| ११ | नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३।०१।०८ को निर्णय अनुसार सम्माननीय राष्ट्रपतिबाट संवत् २०८३ साल वैशाख १७ गते बिहीबारका दिन १४:०० बजे संघीय संसद् भवन, सिंहदरबारमा बस्ने गरी आह्वान गरिएको संघीय संसद्को दुवै सदनको अधिवेशन आह्वान विशेष कारणवश स्थगित गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने। | |

# २०८३ बैशाख १४ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सुरक्षण मुद्रण केन्द्रलाई निजी क्षेत्रसँग प्रतिष्पर्धा गरी व्यापारिक कारोबार गर्ने सार्वजनिक निकायको सूचीमा समावेश गर्ने र सो सम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने। |
| २ | अर्थ मन्त्रालय | भन्सार नियमावली, २०८३ स्वीकृत गर्ने। |
| ३ | खानेपानी मन्त्रालय | काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डको स्वामित्वमा रहेको ललितपुर महानगरपालिका वडा नं. ९ बालकुमारीस्थित ३-१३-२-० रोपनी जग्गा नेपाल विद्युत प्राधिकरणलाई GIS Substation निर्माणको लागि उपयोग गर्न स्वीकृति प्रदान गर्ने। |
| ४ | गृह मन्त्रालय | दुईजना नेपाली नागरिकको नागरिकताको प्रमाणपत्रमा उल्लिखित विवरणमा नाम र लिङ्ग परिवर्तन गर्न स्वीकृति प्रदान गर्ने। |
| ५ | गृह मन्त्रालय | सशस्त्र प्रहरी बल नेपालको सशस्त्र प्रहरी महानिरीक्षक पदमा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक श्री नारायणदत्त पौडेललाई बढुवा गर्ने। |
| ६ | रक्षा मन्त्रालय | नेपाली सेनातर्फ चौधजना सहायक रथी र एकजना उपरथीको सरुवा गर्ने। |
| ७ | वन तथा वातावरण मन्त्रालय | लाप्चे-तामाकोशी अर्धजलासययुक्त जलविद्युत आयोजना निर्माणको लागि दोलखा जिल्लाको विगु गाउँपालिका वडा नं. १ मा रहेको गौरीशंकर संरक्षण क्षेत्रअन्तर्गतको राष्ट्रिय वनको ९.१२ हेक्टर जग्गा पच्चिस वर्षको लागि प्रयोग गर्न दिने तथा सो वन क्षेत्रमा रहेका विभिन्न प्रजातिका २०३ गोटा रुख/पोल हटाउन स्वीकृति दिने। |
| ८ | वन तथा वातावरण मन्त्रालय | खिम्ती घ्वाङ खोला साना जलविद्युत आयोजना निर्माणको लागि दोलखा जिल्लाको जिरी नगरपालिकाको वडा नं. १ र रामेछाप जिल्लाको गोकुलगंगा गाउँपालिकाको वडा नं. १ मा रहेको गौरीशंकर संरक्षण क्षेत्र अन्तर्गतको राष्ट्रिय वन क्षेत्रको जम्मा ४.२५ हेक्टर जग्गा पच्चिस |

| | | |
|---|---|---|
| | | वर्षको लागि प्रयोग गर्न दिने र उक्त वन क्षेत्रमा रहेका विभिन्न प्रजातिका १२४५ गोटा रुख/पोल हटाउन स्वीकृति दिने। |
| ९ | वन तथा वातावरण मन्त्रालय | पेगु खोला साना जलविद्युत आयोजना निर्माणको लागि दोलखा जिल्लाको विगु गाउँपालिका वडा नं. ७ स्थित गौरीशंकर संरक्षण क्षेत्र अन्तर्गत रहेको राष्ट्रिय वन क्षेत्रको कूल १.६७ हेक्टर जग्गा पच्चिस वर्षको लागि प्रयोग गर्न दिने र उक्त वन क्षेत्रमा रहेका विभिन्न प्रजातिका १२३ गोटा रुख/पोल हटाउन स्वीकृति दिने। |
| १० | मन्त्रिपरिषद्का समितिहरू पुनर्गठन गर्ने। | |
| ११ | देहायका अध्यादेशहरू जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्नेः<br>१. सहकारी ऐन, २०७४ लाई संशोधन गर्न बनेको अध्यादेश।<br>२. संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको अध्यादेश।<br>३. केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश।<br>४. स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश।<br>५. विश्वविद्यालय सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश।<br>६. सार्वजनिक खरिद ऐन, २०६३ लाई संशोधन गर्न बनेको अध्यादेश।<br>७. सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धमा विशेष व्यवस्था गर्न बनेको अध्यादेश। | |

## नेपाल सरकार, मन्त्रिपरिषद्‌को २०८३ वैशाख २१ गतेको बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | अर्थ मन्त्रालय | परम्परागत बोइलरलाई इलेक्ट्रोनिक बोइलरले प्रतिस्थापन गर्ने उद्योगहरूलाई कर्जा उपलब्ध गराउने र वायु गुणस्तर मापन क्षमता बढाउने प्रयोजनका लागि विश्व बैंकबाट प्राप्त हुने ५२ मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण तथा पाँच मिलियन अमेरिकी डलर बराबरको अनुदान सहायता स्वीकार गर्ने। |
| २ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | भारतसँग G to G खरिद माध्यमबाट ६० हजार मेट्रिक टन यूरिया र २० हजार मेट्रिक टन डिएपी मल खरिद गर्न कृषि सामग्री कम्पनी लिमिटेडलाई सैद्धान्तिक स्वीकृति प्रदान गर्ने। |
| ३ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | नेपाल इन्जिनियरिङ सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) (पहिलो संशोधन) नियमहरू, २०८३ स्वीकृत गर्ने। |
| ४ | वन तथा वातावरण मन्त्रालय | माथिल्लो साँगु खोला साना जलविद्युत आयोजना निर्माणको लागि दोलखा जिल्लाको विगु गाउँपालिकामा अवस्थित गौरीशंकर संरक्षण क्षेत्रअन्तर्गत रहेको राष्ट्रिय वन क्षेत्रको कूल ४.८२ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| ५ | वन तथा वातावरण मन्त्रालय | रानी जमरा कूलरिया सिंचाइ आयोजना, टिकापुर, कैलालीमा रहेको पथरिया-कान्द्रा विस्तार नहर निर्माणको लागि कैलाली जिल्लाको बर्दगोरिया गाउँपालिका; घोडाघोडी नगरपालिका र भजनी नगरपालिकामा रहेको राष्ट्रिय वन क्षेत्रको कूल ३५.९५ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| ६ | वन तथा वातावरण मन्त्रालय | राउजे खोला जलविद्युत आयोजना निर्माणको लागि डिभिजन वन कार्यालय सोलुखुम्बुअन्तर्गत रहेको सोलुदुधकुण्ड नगरपालिकामा रहेको राष्ट्रिय वन क्षेत्रको कूल ४.३७ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| ७ | वन तथा वातावरण मन्त्रालय | तादी घ्यांगफेदी जलविद्युत आयोजना निर्माणको लागि नुवाकोट जिल्लाको दुप्चेश्वर गाउँपालिकामा रहेको लाङटाङ राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रअन्तर्गतको राष्ट्रिय वन क्षेत्रको जम्मा १.८९ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| ८ | वन तथा वातावरण मन्त्रालय | माथिल्लो सार्दीखोला जलविद्युत आयोजना निर्माणको लागि कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिकामा रहेको अन्नपूर्ण संरक्षण क्षेत्रअन्तर्गतको राष्ट्रिय वन क्षेत्रको जम्मा ४.१३३ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| ९ | वन तथा वातावरण मन्त्रालय | दोभान खोला जलविद्युत आयोजना निर्माणको लागि गोरखा जिल्लाको धार्चे गाउँपालिकमा रहेको राष्ट्रिय वनको ४.६८ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| १० | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सशस्त्र प्रहरी बलका कूल १२० जना कर्मचारीहरूलाई (वसन्त र शरद ऋतुमा ६०/६०जना गरी) एक वर्षभित्र मनाङ जिल्लास्थित चुलु सुदूरपूर्व चुली आरोहण गर्न लाग्ने सलामी दस्तुर छुट दिने। |

| | | |
|---|---|---|
| ११ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपालमा कार्यरत कुटनीतिज्ञ Mr. Michael Harker लाई सन् २०२६ को Spring season मा सगरमाथा आरोहण गर्दा लाग्ने सलामी दस्तुर छुट दिने। |
| १२ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सार्वजनिक सेवा प्रसारण नेपाल, रेडियो नेपालको नाममा ललितपुर महानगरपालिका खुमलटारमा रहेको ०-२-१-० रोपनी जग्गा दूरसञ्चार प्राधिकरणलाई उपलब्ध गराउन स्वीकृति दिने । |
| १३ | सहरी विकास मन्त्रालय | संसद् भवन परिसरमा प्रवेशका लागि रहेको तीन वटा प्रवेशद्वारलगायतका विषय समावेश गरिएको सिंहदरबार परिसरको परिमार्जित गुरुयोजना स्वीकृत गर्ने। |
| १४ | सहरी विकास मन्त्रालय | नगर विकास ऐन, २०४५ बमोजिमको नगर विकास समिति गठन गर्ने नेपाल सरकारको अधिकार माननीय सहरी विकास मन्त्रीलाई प्रत्यायोजन गर्ने। |
| १५ | सहरी विकास मन्त्रालय | ग्रामीण सडक सञ्जाल सुधार आयोजना, अतिरिक्त लगानीअन्तर्गतको मोर्ख-चंखिला-बडाबन-सानाखोला-जुनी सडक र चौरझारी - नार्जी खोलागाउँ - चौफा - बैरागी ठाटी - मुसीकोट - सल्ले सडकको सीमाभित्रका निजी जग्गाभित्र पर्ने संरचनाहरूको क्षतिपूर्ति दिई जग्गा प्राप्त गर्न स्वीकृति दिने। |
| १६ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्वामित्वमा रहेको धरान उपमहानगरपालिकाको छाता चोकमा रहेको ८३५१.७० वर्गमीटर जग्गा आधारभूत अस्पताल (नगर अस्पताल) निर्माणको लागि धरान उपमहानगरपालिकालाई उपयोग गर्न स्वीकृति प्रदान गर्ने। |
| १७ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | स्वीटजरल्याण्डको जेनेभामा २०८३ जेठ ४ देखि १२ गतेसम्म सञ्चालन हुने World Health Assembly तथा Executive Board बैठकमा सहभागी हुन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री माननीय निशा मेहता नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गर्ने। |
| १८ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव वा सो सरहका एघार जना कर्मचारीहरूको सरुवा गर्ने। |
| १९ | नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३।१।१४ को निर्णयबमोजिम संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्ने बनेको अध्यादेश जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गरिएकोमा सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारको लागि सो अध्यादेश फिर्ता भएकोमा विषयबस्तुको गम्भीरता समेतका आधारमा पुनर्विचार गर्दा समेत प्रस्तुत अध्यादेश यथावत रूपमा जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने। | |

## नेपाल सरकार, मन्त्रिपरिषद्को २०८३ वैशाख २२ गतेको बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | संवत् २०८३ साल वैशाख २८ गते सोमवारका दिन १४ बजे संघीय संसद भवन, सिंहदरबारमा संघीय संसदको दुबै सदनको अधिवेशन आव्हान हुन सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने। | |
| २ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्माननीय प्रधानमन्त्रीको अवैतनिक स्वास्थ्य सल्लाहकारमा प्रा. डा. जगदिश प्रसाद अग्रवाललाई नियुक्ति गर्ने। |
| ३ | अर्थ मन्त्रालय | मध्य त्रिशूली नदी बेसिनमा चिसो पानीमा पाइने लोपोन्मुख प्रजातिका माछाको संरक्षण र माछा मार्ने समुदायहरूको दिगो जीविकोपार्जन परियोजनाको लागि विश्व वातावरण सुविधाबाट प्राप्त हुने १२,७२,६३०।- अमेरिकी डलर बराबरको अनुदान सहायता स्वीकार गर्ने। |
| ४ | खानेपानी मन्त्रालय | नेपाल इन्जिनियरि सेवा, सिभिल इन्जिनियरिङ समूह, स्यानिटरी उपसमूहका सहसचिव श्री बाल मुकुन्द श्रेष्ठको राजीनामा स्वीकृत गर्ने। |
| ५ | गृह मन्त्रालय | सशस्त्र प्रहरी बल, नेपाल तर्फ केन्द्रीय कार्यालय तथा क्षेत्रीय कार्यालयहरूको निर्वाचन सेलमा रहेका कर्मचारीलाई दुई महिनाको लागि सम्बन्धित पदको शुरू तलब स्केलको पचास प्रतिशत रकम निर्वाचन भत्ता उपलब्ध गराउन स्वीकृति प्रदान गर्ने। |
| ६ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | नेपाल मेडिकल काउन्सिल (छैठौं संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने। |

## नेपाल सरकार, मन्त्रिपरिषद्को २०८३ वैशाख २५ गतेको बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | सम्माननीय राष्ट्रपतिज्यू समक्ष नेपालको संविधानको धारा ९५ बमोजिम संघीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई संवत् २०८३ साल वैशाख २८ गते सोमबारका दिन १६:०० बजे सम्बोधन हुन र त्यसका लागि सदस्यको उपस्थिति आह्वान गर्न अनुरोध गर्ने। | |
| २ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण (तेस्रो संशोधन) अध्यादेशबाट सम्पत्ति शुद्धीकरणसम्बन्धी कसूरको हकमा प्रतिवेदन लिई अभियोजन प्रतिरक्षालगायतका कार्य गर्न विशेष सरकारी वकील कार्यालय, काठमाडौंलाई तोक्ने। |
| ३ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सुशासन (व्यवस्थापन तथा सञ्चालन) (चौथो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने। |
| ४ | परराष्ट्र मन्त्रालय | विभिन्न मुलुकहरूमा रहेका १५ जना नेपाली अनररी कन्सल जनरल तथा कन्सललाई पदमुक्त गर्ने। |
| ५ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | नेपाल रेल्वे कम्पनी लिमिटेडको प्रबन्ध सञ्चालक पदमा श्री परिवेश पराजुली, मोरङलाई नियुक्त गर्ने। |
| ६ | रक्षा मन्त्रालय | नेपाली सेनाका एकजना रथी र एकजना उपरथीको वैदेशिक भ्रमण स्वीकृत गर्ने। |
| ७ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | अन्तर्राष्ट्रिय श्रम सङ्गठनको बाध्यकारी श्रम महासन्धि, १९३० सम्बन्धी २०१४ को प्रोटोकल नं. २९ अनुमोदनका लागि संङ्घीय संसदसमक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| ८ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | संलग्न अन्तर्राष्ट्रिय श्रम सङ्गठनको श्रम निरीक्षण सम्बन्धी महासन्धि, १९४७ नं. ८१ अनुमोदनका लागि सङ्घीय संसदसमक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| ९ | सहरी विकास मन्त्रालय | अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको कार्यकारी अध्यक्ष पदमा डा. आनन्द सिंह भाट, वैतडीलाई तोक्ने। |

## नेपाल सरकार, मन्त्रिपरिषद्को २०८३ वैशाख २८ गतेको बैठकका निर्णयहरू

<table>
<tr><th>क्र.सं</th><th>मन्त्रालय</th><th>निर्णयको सङ्क्षिप्त व्यहोरा</th></tr>
<tr><td>१</td><td colspan="2">नेपालको संविधानको धारा ९५ बमोजिम सम्माननीय राष्ट्रपतिबाट संवत् २०८३ साल वैशाख २८ गते १६.०० बजे सङ्घीय संसदको दुवै सदनको संयुक्त बैठकलाई गर्नुहुने सम्बोधन स्वीकृत गर्ने।</td></tr>
<tr><td>२</td><td>अर्थ मन्त्रालय</td><td>नेपाल धितोपत्र बोर्डको अध्यक्ष नियुक्ति गर्ने प्रयोजनका निमित्त नाम सिफारिस गर्नको लागि गठित सिफारिस समिति पुनर्गठन गर्ने।</td></tr>
<tr><td>३</td><td>भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय</td><td>राष्ट्रिय सहकारी नियमन प्राधिकरणको रिक्त अध्यक्ष पदमा अर्को व्यवस्था नभएसम्मको लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिवलाई काम गर्न तोक्ने।</td></tr>
<tr><td>४</td><td>स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय</td><td>नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ३ र ४ हेरफेर तथा थपघट गर्ने।</td></tr>
<tr><td>५</td><td colspan="2">नेपाल सरकारका पूर्व गृहमन्त्री तथा हाल प्रतिनिधि सभाका सदस्य माननीय सुधन गुरुङ नेपाल सरकारको गृहमन्त्री हुँदा र सो पछि उठेका सार्वजनिक सरोकारका विषयमा सत्य तथ्य बुझि पन्ध्र दिनभित्र सिफारिससहितको प्रतिवेदन पेश गर्न उच्च अदालतका पूर्व न्यायाधीश श्री अच्युतप्रसाद भण्डारीको अध्यक्षतामा महालेखा नियन्त्रक श्री शोभाकान्त पौडेल र सहन्यायाधिवक्ता श्री अच्युतमणि नेउपाने सदस्य रहेको अध्ययन तथा छानविन समित गठन गर्ने।</td></tr>
</table>

## नेपाल सरकार, मन्त्रिपरिषद्का २०८३ वैशाख ३० गतेको बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | विषयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ स्वीकृत गर्ने। |
| २ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | नयाँ कार्यविभाजन नियमावली अनुसार संघीय मन्त्रालयका सचिवहरूको दरवन्दी र सङ्ख्या मिलान गर्ने सम्बन्धमा नेपाल सरकारसमक्ष सिफारिस गर्न नेपाल सरकारका मुख्यसचिवको अध्यक्षतामा समिति गठन गर्ने। |
| ३ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | विद्युतीय सुशासन आयोग (गठन तथा सञ्चालन) (दोस्रो संशोधन) आदेश, २०८३ स्वीकृत गर्ने। |
| ४ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | बोर्ड, समिति, आयोजना तथा अन्य संरचनाहरूको खारेजी, एकीकरण तथा पुनर्संरचना समितिको सिफारिस कार्यान्वयन गर्न सम्बन्धित मन्त्रालयले आवश्यक प्रवन्ध गर्ने। |
| ५ | अर्थ मन्त्रालय | सरकारी लगानी व्यवस्थापन समितिको सदस्यमा प्रतिनिधि सभाका सदस्य माननीय सुशील खड्का, बागलुङ र माननीय योगेश गौचन थकाली, मुस्ताङलाई मनोनयन गर्ने। |
| ६ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | नेपाल विद्युत प्राधिकरण, प्रसौनी विरगञ्ज १३२ के.भी. भूमिगत विद्युत प्रसारणलाइन आयोजनाको भूमिगत विद्युत प्रसारणलाइन निर्माणका लागि परवानीपुर गाउँपालिका वडा नं. ५ मा करिव १४ धुर जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने। |
| ७ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | नेपाल विद्युत प्राधिकरण, उदयपुर वितरण केन्द्रको कार्यालय निर्माणको लागि झापा जिल्ला, कन्काई नगरपालिकामा करिब पाँच कठ्ठा जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने। |
| ८ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | नेपाल विद्युत प्राधिकरण, अत्तरिया अन्तर्गत बझाङ वितरण केन्द्रको भवन निर्माण गर्न बझाङ जिल्ला, जयपृथ्वी नगरपालिका वडा नं. १० मा करिब १३०० वर्ग मिटर जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने। |
| ९ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | पूर्वाधार न्यायाधिकरणको गठन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सिद्धान्त स्वीकृत गर्ने। |
| १० | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ को अनुसूची संशोधन गर्ने। |
| ११ | रक्षा मन्त्रालय | नेपाली सेनाका दुई जना महासेनानीलाई सहायक रथी दर्जामा बढुवा गर्ने र आठ जना महासेनानीहरूको सरूवा गर्ने। |
| १२ | वन तथा वातावरण मन्त्रालय | माथिल्लो त्रिशुली-१ जलविद्युत आयोजनालाई रसुवा जिल्लाको कालिका गाउँपालिका-१ मा रहेको राष्ट्रिय वनको २.८० हेक्टर जग्गा अस्थायी रूपमा प्रयोग गर्न स्वीकृति दिने। |
| १३ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ललितपुर महानगरपालिकालाई जनवादी गणतन्त्र चीनको हाङ्झाउ सहरसँग भगिनी सम्बन्ध स्थापना गर्न पूर्वस्वीकृति प्रदान गर्ने। |

## नेपाल सरकार, मन्त्रिपरिषद्का २०८३ जेठ ५ गतेको बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | विषयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | अर्थ मन्त्रालय | नगरपालिका राजस्व अभिवृद्धि परियोजनाको लागि स्वीट्जरल्याण्ड सरकारबाट प्राप्त हुने ६.११६ मिलियन स्वीस फ्र्याङ्क अनुदान सहायता स्वीकार गर्ने। |
| २ | अर्थ मन्त्रालय | अरनिको राजमार्गको मर्मतसुधार गर्न चीन सरकारले प्रदान गर्ने ७९.३६ मिलियन आरएमबी अनुदान सहायता स्वीकार गर्ने। |
| ३ | अर्थ मन्त्रालय | अर्थ मन्त्रालयका सचिव (राजस्व) श्री भूपाल बराललाई कर्मचारी सञ्चय कोषको सञ्चालक समितिको अध्यक्ष पदमा नियुक्त गर्ने। |
| ४ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | कम्पनी कानूनसम्बन्धी विधेयक तर्जुमाका लागि सिद्धान्त स्वीकृत गर्ने। |
| ५ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | जुरिम्बा खोला साना जलविद्युत आयोजना निर्माणको लागि सिन्धुपाल्चोक जिल्ला, भोटेकोशी गाउँपालिका वडा नं. १ र ३ मा रहेको गौरीशंकर संरक्षण क्षेत्रअन्तर्गतको राष्ट्रिय वनको २.६२५ हेक्टर जग्गा प्रयोग गर्न दिने। |
| ६ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमलाई आ.व. २०८३/८४ मा निरन्तरता दिन स्वीकृति दिने। |
| ७ | गृह मन्त्रालय | २०८३ असार २३ र २४ मा संयुक्त राष्ट्रसंघ मुख्यालय, न्यूयोर्कमा आयोजना हुने Fifth United Nations Chiefs of Police Summit (UNCOPS) मा प्रहरी महानिरीक्षक श्री दानबहादुर कार्की र सशस्त्र प्रहरी महानिरीक्षक श्री नारायणदत्त पौडेललाई सहभागी हुन स्वीकृति दिने। |
| ८ | पूर्वाधार विकास मन्त्रालय | क) काठमाडौं उपत्यकाका नदी किनारमा रहेका जोखिमयुक्त बस्ती हटाउने क्रममा विस्थापित हुने व्यक्तिहरूको विवरण रुजु गरी प्रति परिवार पुनर्स्थापना खर्च बापत रु. २५०००/- एकमुष्ट रूपमा प्रदान गर्न स्वीकृति दिने।<br>(ख) जोखिमयुक्त बस्तीबाट हटाइएकाहरूलाई वैकल्पिक बसोबासको व्यवस्था आफैं गर्न प्रोत्साहित गर्न पाँच सदस्य भएको प्रति परिवार राहत रकम रु. १५०००/- प्रति महिना र सोभन्दा बढी सदस्यका लागि प्रति सदस्य थप रु. २०००/- प्रति महिनाका दरले हाललाई तीन |

| | | |
|---|---|---|
| | | महिनाका लागि बसोबास व्यवस्थापन खर्च प्रदान गर्ने स्वीकृति दिने।<br>(ग) बृद्ध, अशक्त, असहाय तथा आफ्नो व्यवस्थापन गर्न नसक्ने व्यक्ति तथा परिवारलाई तोकिएको होल्डिङ सेन्टरहरूमा राख्ने।<br>(घ) बालबालिका तथा विद्यार्थीको पठनपाठन तथा विद्यालयको सुनिश्चितता र स्वास्थ्य सेवा सुविधाहरूको सुनिश्चितता सम्बन्धित स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा गर्ने व्यवस्था मिलाउने। |
| ९ | पूर्वाधार विकास मन्त्रालय | सर्वोच्च अदालतको मिति २०७९।०७।२८ को फैसलाबमोजिम दाङ जिल्ला, घोराही उपमहानगरपालिका, वडा नं. ११ मा इन्द्रादेवी पुनमगरको नाममा स्रेस्ता कायम रहेको करिब ३५४.४९३ वर्गमिटर जग्गा प्राप्त गर्न स्वीकृति प्रदान गर्ने। |
| १० | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | नेपाल सरकारको नाममा दर्ता रहेको धनुषा जिल्ला साविक ढल्केबर गा.वि.स. मा पर्ने ४-०-३-० बिगाहा जग्गा क्रिटिकल केयर तथा ट्रमा सेन्टरसहितको अस्पताल भवन निर्माण गर्न तथा १-७-८ बिगाह जग्गा प्रशासकीय भवन निर्माणका लागि मिथिला नगरपालिका, ढल्केबरलाई उपयोग गर्न स्वीकृति दिने। |
| ११ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | निजामती कर्मचारी कल्याणकारी कोष (पहिलो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने। |
| १२ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | निजामती कर्मचारी योगदान कोष (सञ्चालन)(पहिलो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने। |
| १३ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयअन्तर्गत ९७७ पुल दरबन्दी स्वीकृत गर्ने। |
| १४ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | भूमि सम्बन्धी (एक्काइसौं संशोधन) नियमहरू, २०८३ स्वीकृत गर्ने। |
| १५ | महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | बालबालिका सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने। |

| | | |
|---|---|---|
| १६ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | बौद्धनाथ क्षेत्र विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०८३; हनुमानढोका दरवार संग्रहालय विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०८३; देवघाट क्षेत्र विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०८३; पाटन संग्रहालय विकास समिति (गठन) (तेस्रो संशोधन) आदेश, २०८३; नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०८३; तारागाउँ विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८३ र बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८३ स्वीकृत गर्ने। |
| १७ | सूचना तथा सञ्चार मन्त्रालय | आर्टिफिसियल इन्टेलिजेन्स विधेयक तर्जुमा गर्न सिद्धान्त स्वीकृत गर्ने। |
| १८ | सूचना तथा सञ्चार मन्त्रालय | सूचना तथा सञ्चार मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ खारेज गर्ने। |
| १९ | सूचना तथा सञ्चार मन्त्रालय | नेपाल दूरसञ्चार प्राधिकरणको रिक्त अध्यक्ष तथा सदस्य पदको नियुक्तिका लागि उम्मेदवार सिफारिस गर्न सूचना तथा सञ्चार मन्त्रालयका सचिवको संयोजकत्वमा सिफारिस समिति गठन गर्ने। |
| २० | प्रत्यायन नियमावली, २०८३ स्वीकृत गर्ने। | |
| २१ | सैनिक सेवा (छैटौं संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने। | |
| २२ | नेपाल राष्ट्र बैंक, २०५८ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसदमा पेश गर्न स्वीकृति दिने। | |
| २३ | मन्त्रिपरिषद्का समितिहरू पुनर्गठन गर्ने। | |

## नेपाल सरकार, मन्त्रिपरिषद्को २०८३ जेठ ११ गतेको बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | अर्थ मन्त्रालय | संयुक्त अरब इमिरेट्सँग द्वैध कराधान मुक्ति तथा वित्तीय छल निरोध सम्झौताका लागि वार्ता गर्न वार्ता टोली गठन गर्ने। |
| २ | अर्थ मन्त्रालय | निक्षेप तथा कर्जा सुरक्षण कोषको प्रमुख कार्यकारी अधिकृत नियुक्तिको लागि सिफारिस गर्न अर्थ मन्त्रालयका सचिव (राजस्व) को संयोजकत्वमा सिफारिस समिति गठन गर्ने। प्रमुख कार्यकारी अधिकृतको नियुक्ति नभएसम्म अर्थ मन्त्रालयका उपसचिव (लेखा) श्री डिलाराम गिरीलाई प्रमुख कार्यकारी अधिकृतको पदमा कामकाज गर्न तोक्ने। |
| ३ | अर्थ मन्त्रालय | नेपाल-चीन जोड्ने विद्युत प्रसारणलाइन आयोजना (चिलिमे-केरूङ) को कार्यान्वयन गर्नेसम्बन्धी चीन सरकारलाई पठाउने प्रतिउत्तरपत्र (Letter of Reply) स्वीकृत गर्ने। |
| ४ | अर्थ मन्त्रालय | आर्थिक वर्ष २०८३/८४ मा सङ्घीय विशेष अनुदान र समपूरक अनुदान अन्तर्गत प्रदेश सरकार र स्थानीय सरकारबाट कार्यान्वयन हुने आयोजना/ कार्यक्रम स्वीकृत गर्ने। |
| ५ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | नेपाल न्याय सेवा, कानून समूहको सहसचिव पदमा श्री नुतन झा, रौतहटलाई नियुक्त गर्ने। |
| ६ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | सर्वोच्च अदालतको उत्प्रेषण परमादेशको आदेश बमोजिम नेपाल इन्जिनियरिङ सेवा, सिभिल समूह, इरिगेशन उपसमूह, राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री सुशील चन्द्र आचार्यको नियुक्तिको जेष्ठता मिति २०७१।१०।१४ देखि लागु हुने गरी कायम गर्ने। |
| ७ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | नेपाल विद्युत प्राधिकरण, सोलुखुम्बु वितरण केन्द्रको लागि सोलुखुम्बु जिल्ला, सोलुदुधकुण्ड नगरपालिकामा करिब पाँच रोपनी निजी जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने। |
| ८ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | रेले खोला जलविद्युत आयोजनाले प्रयोग गरेको ३.०७ हेक्टर सरकारी वनक्षेत्र बराबरको निजी जग्गा सट्टा भर्ना गर्ने समयावधि ३ महिना थप गर्न स्वीकृति दिने। |
| ९ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | सानी भेरी जलविद्युत आयोजना निर्माणको लागि रुकुम पूर्व जिल्लाको सिस्ने गाउँपालिका वडा नं. २ र पुथाउत्तर गंगा गाउँपालिका वडा नं. १४ मा रहेको राष्ट्रिय वनको ५.१८७ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |

| | | |
|---|---|---|
| १० | कृषि, वन तथा पर्यावरण मन्त्रालय | आ.व. २०८३/८४ मा वर्षे धान बालीको न्यूनतम समर्थन मूल्य मोटा धानको रू. ३६६०/- प्रति क्वीन्टल र मध्यम धानको रू. ३८६०/- प्रति क्वीन्टल तोक्ने। |
| ११ | पूर्वाधार विकास मन्त्रालय | नेपाल इन्जिनियरिङ सेवा, सिभिल इन्जिनियरिङ समूह, स्यानिटरी उपसमूहका सहसचिव श्री उज्वल प्रजापतिले दिनुभएको राजीनामा स्वीकृत गर्ने। |
| १२ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सहकारीमा भएको बेथिति जाँचबुझ आयोग, २०८२ ले पेश गरेको प्रतिवेदन सार्वजनिक गर्ने। |
| १३ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | निजामती सेवाका राजपत्राङ्कित प्रथम श्रेणीका उनन्तिस जना सहसचिवहरूको सरुवा गर्ने। |
| १४ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | स्थानीय तहबाट प्रवाह हुने सेवाको गुणस्तर प्रमाणीकरण मापदण्ड, २०८३ स्वीकृत गर्ने। |
| १५ | शिक्षा तथा खेलकुद मन्त्रालय | नेपाल सरकार र इजिप्ट सरकारबिचको युवा तथा खेलकुदसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गर्न परराष्ट्र मन्त्रालयलाई अख्तियारी दिने। |
| १६ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल नागरिक उड्डयन प्राधिकरणको महानिर्देशक पदमा सहसचिव श्री मुकेश डंगोललाई नियुक्ति गर्ने। |

## नेपाल सरकार, मन्त्रिपरिषद्का २०८३ जेठ १५ गतेको बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | अर्थ मन्त्रालय | नेपाल सरकारको आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्यसहितको राजस्व र व्ययको अनुमान सङ्घीय संसदसमक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| २ | अर्थ मन्त्रालय | देहायका विधेयक सङ्घीय संसद्मा पेश गर्न स्वीकृति दिने-<br>(क) आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यको लागि सङ्घीय सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक।<br>(ख) राष्ट्र ऋण उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक। |
| ३ | अर्थ मन्त्रालय | देहायका नियमहरू स्वीकृत गर्ने र सोको सूचना मिति २०८३/०२/१५ गतेको नेपाल राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने-<br>(क) मदिरा (पाचौं संशोधन) नियमहरू, २०८३,<br>(ख) मूल्य अभिवृद्धि कर (अट्ठाइसौं संशोधन) नियमावली, २०८३,<br>(ग) अन्तःशुल्क (अट्ठाइसौं संशोधन) नियमावली, २०८३,<br>(घ) आयकर (सत्रौ संशोधन) नियमावली, २०८३,<br>(ङ) भन्सार महसुल (दोस्रो संशोधन) नियमावली, २०८३ र<br>(च) भन्सार (पहिलो संशोधन) नियमावली, २०८३ |
| ४ | अर्थ मन्त्रालय | (क) आर्थिक वर्ष २०८३/८४ को लागि नेपाल सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक सङ्घीय संसदसमक्ष पेश गर्न स्वीकृति दिने।<br>(ख) सामयिक कर असुल ऐन, २०१२ को दफा ३ बमोजिमको सूचित आदेश जारी गर्ने र सोको सूचना मिति २०८३/०२/१५ गतेको नेपाल राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने।<br>(ग) भन्सार महसुल ऐन, २०८१ को दफा १३ को उपदफा (३) बमोजिमको सूचना जारी गर्ने र सो सूचना मिति २०८३/०२/१५ गतेको नेपाल राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने। |

## नेपाल सरकार, मन्त्रिपरिषद्को २०८३ जेठ १९ गतेको बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | अर्थ मन्त्रालय | भन्सार तथा लजिस्टिक सुधार कार्यक्रमको लागि एसियाली विकास बैंकबाट बजेटरी सहायताका रूपमा सहुलियतपूर्ण ऋण सहायता प्राप्त गर्नेसम्बन्धी दस्तावेजलाई अन्तिम रूप दिने विषयमा वार्ता गर्न अर्थ मन्त्रालयका सहसचिवको नेतृत्वमा वार्ता टोली गठन गर्ने। |
| २ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | United Nations Environment Programme (UNEP) बाट ओजोन तहलाई क्षति पुऱ्याउने पदार्थको व्यवस्थापन र न्यूनीकरण गर्नेसम्बन्धी Montreal Protocol को कार्यान्वयन निरन्तरताका लागि अनुदान सहायता प्राप्त गर्न स्वीकृति प्रदान गर्ने। |
| ३ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडलाई विद्युत प्रसारणलाइन आयोजना निर्माणको लागि ताप्लेजुङ जिल्लाको मेरिङदेन, गाउँपालिकाको वडा नं. ६ र मिक्वाखोला, गाउँपालिकाको वडा नं. ५ मा रहेको राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| ४ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | बज्रमादी जलविद्युत आयोजना निर्माणको लागि कास्की जिल्लाको मादी गाउँपालिकाको वडा नं. ३ र ४ मा रहेको राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| ५ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | इन्दुवाखोला अर्धजलाशययुक्त जलविद्युत आयोजना निर्माणको लागि संखुवासभा जिल्लाको मकालु गाउँपालिका वडा नं. ५ मा रहेको राष्ट्रिय वनको जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| ६ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | तमोर खोला ५ जलविद्युत आयोजना निर्माणको लागि कञ्चनजंघा संरक्षण क्षेत्र अन्तर्गतको फक्ताङलुङ गाउँपालिकाको वडा नं. ५ र ६ मा रहेको राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| ७ | गृह मन्त्रालय | सशस्त्र प्रहरी नायब महानिरीक्षक श्री अञ्जनी कुमार पोखरेललाई सशस्त्र प्रहरी बल, नेपालको सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा नियुक्ति गरी सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, मानवश्रोत विभागमा पदस्थापन गर्ने। |
| ८ | गृह मन्त्रालय | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी प्रमुख नियुक्तिका लागि गृह मन्त्रालयका सचिवको संयोजकत्वमा सिफारिस समिति गठन गर्ने। |
| ९ | गृह मन्त्रालय | आवश्यक सेवामा हड्ताल गर्न निषेध गर्ने आदेश जारी गर्ने। |
| १० | गृह मन्त्रालय | संवत् २०८२ साल भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा भएका घटनाको जाँचबुझ गर्न गठित आयोगले नेपाल सरकारसमक्ष पेश गरेको प्रतिवेदनमा उल्लिखित सुरक्षा संयन्त्रको हकमा अध्ययन गरी सिफारिस गर्न गठित अध्ययन समितिको कार्यावधि पैंतालिस दिन थप गर्ने। |
| ११ | परराष्ट्र मन्त्रालय | माननीय परराष्ट्र मन्त्री श्री शिशिर खनाललाई २०८३ जेठ २२ देखि २४ गतेसम्म भारत भ्रमणको लागि स्वीकृति प्रदान गर्ने। |
| १२ | परराष्ट्र मन्त्रालय | नेपालको परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान र इजिप्टको परराष्ट्र मन्त्रालय अन्तर्गतको Institute for Diplomatic Studies बिच हस्ताक्षर |

| | | |
|---|---|---|
| | | हुने शैक्षिक, प्राज्ञिक तथा कूटनीतिक आदान-प्रदान, अध्ययन, तालिम तथा अनुसन्धानमा सहकार्यमार्फत सम्बन्ध विकास एवं आपसी सहयोग अभिवृद्धि गर्नेसम्बन्धी समझदारीपत्र स्वीकृत गर्ने। |
| १३ | परराष्ट्र मन्त्रालय | नेपाल र अरब गणतन्त्र इजिप्टबिच हस्ताक्षर हुने कूटनीतिक, अफिसियल र सर्भिस राहदानीबाहकहरूलाई एक अर्का मुलुकमा भ्रमण गर्दा प्रवेशाज्ञा लिनु नपर्नेसम्बन्धी सम्झौता स्वीकृत गर्ने। |
| १४ | पूर्वाधार विकास मन्त्रालय | नगर विकास कोषका वरिष्ठ कर्मचारी श्री राजेश कुमार भोछिभोयालाई बढीमा तीन महिनाको लागि कोषको कार्यकारी निर्देशक तोक्ने। |
| १५ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३ स्वीकृत गर्ने। |
| १६ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | भूमि समस्या समाधान समितिको अध्यक्ष पदमा श्री बलभद्र बास्तोला र सदस्यहरूमा श्री अमिर प्रसाद न्यौपाने, श्री पद्मनिधि सोती र डा. रेहना श्रेष्ठलाई नियुक्ति गर्ने। |
| १७ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | पोखरा उपत्यका नगर विकास समितिका नाममा दर्ता स्रेस्ता कायम रहेको पोखरा उपमहानगरपालिकामा रहेको १९१३.६६ वर्गमिटर जग्गा प्रदेश लोक सेवा आयोग गण्डकी प्रदेशलाई उपयोग गर्न स्वीकृति दिने। |
| १८ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | मालपोत (नवौं संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने। |
| १९ | रक्षा मन्त्रालय | नेपाली सेनाका दुईजना महासेनानीलाई सहायक रथी दर्जामा बढुवा गर्ने, चारजना सहायक रथीको सरूवा गर्ने र एकजना सहायक रथीको पदावधि थप गर्ने। |
| २० | रक्षा मन्त्रालय | २०८३ असार २८ देखि साउन १ गतेसम्म मित्रराष्ट्र अमेरिकाको Honolulu, Hawaii मा सञ्चालन हुने Transnational Security Cooperation (TSC) Workshop मा रक्षा मन्त्रालयका सचिवलाई सहभागी हुन स्वीकृति दिने। |
| २१ | शिक्षा तथा खेलकुद मन्त्रालय | राष्ट्रिय परीक्षा बोर्डको अध्यक्ष पदमा नियुक्तिका लागि गठित सिफारिस समितिबाट भए गरेको छनोट प्रक्रिया रद्द गरी नयाँ छनोट प्रक्रिया अघि बढाउन स्वीकृति प्रदान गर्ने। |

# नेपाल सरकार, मन्त्रिपरिषद्को २०८३ जेठ २६ गतेको बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची ५क. मा निजी क्षेत्रसँग प्रतिस्पर्धा गरी व्यापारिक कारोबार गर्ने सार्वजनिक निकायको सूचीमा साझा स्वास्थ्य सेवालाई थप गर्ने। |
| २ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत नियुक्तिका लागि नेपाल सरकारसमक्ष सिफारिस गर्न लगानी बोर्डको उपाध्यक्षको संयोजकत्वमा गठन हुने सिफारिस समितिमा विषय विज्ञ तोक्ने। |
| ३ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | नेपाल विद्युत प्राधिकरण दैलेख वितरण केन्द्रको लागि दैलेख जिल्ला, नारायण नगरपालिका वडा नं. ८ मा करिब ९०० वर्ग मिटर निजी जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने। |
| ४ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | लोवर न्यादी खोला जलविद्युत आयोजना निर्माणको लागि लमजुङ जिल्लाको मर्स्याङ्दी गाँउपालिकाको वडा नं ६ र ७ मा रहेको राष्ट्रिय वन क्षेत्रको कूल २.९५ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| ५ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | घुन्सा खोला जलविद्युत आयोजना निर्माणको लागि ताप्लेजुङ जिल्लाको फक्ताङलुङ गाउँपालिकाको वडा नं. ५ र ६ मा रहेको कञ्चनजंघा संरक्षण क्षेत्र अन्तर्गतको राष्ट्रिय वन क्षेत्रको २१.५१९ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| ६ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | तादी खोला जलविद्युत आयोजना निर्माणको लागि नुवाकोट जिल्लाको दुप्चेश्वर गाँउपालिका वडा नं ६ र ७ मा रहेको राष्ट्रिय वन क्षेत्रको १.८१३७४ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| ७ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | तल्लो अरुण जलविद्युत आयोजना निर्माणको लागि संखुवासभा जिल्लाको चिचिला गाँउपालिका र खाँदवारी नगरपालिकामा रहेको राष्ट्रिय वनको ७०.४४०७ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |

| | | |
|---|---|---|
| ८ | परराष्ट्र मन्त्रालय | परराष्ट्रमन्त्री माननीय शिशिर खनाल नेतृत्वको नेपाली प्रतिनिधिमण्डललाई २०८३ जेठ ३१ देखि असार ३ गतेसम्म जनवादी गणतन्त्र चीनको भ्रमण गर्न स्वीकृति दिने। |
| ९ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | निजामती सेवा (सोह्रौं संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने। |
| १० | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक सिफारिस सम्बन्धी मापदण्ड- २०८३ स्वीकृत गर्ने। |
| ११ | महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | नेपाल रेडक्रस सोसाइटीको तदर्थ समिति विघटन गरी श्री विशाल कुमार भण्डारी, दोलखाको अध्यक्षतामा नौ सदस्यीय तदर्थ समिति गठन गर्ने। |
| १२ | महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | २०८३ असार ९ र १० मा श्रीलंकामा आयोजना हुने Elevating the Ending Violence Against Children (EVAC) Agenda in South Asia विषयक मन्त्रीस्तरीय सम्मेलनमा महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयका सचिवलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| १३ | रक्षा मन्त्रालय | नेपाली सेना, सैनिक साधारण सेवाका छजना सहायक रथीहरूको सरुवा गर्ने र एकजना उपरथीको वैदेशिक भ्रमण स्वीकृत गर्ने। |
| १४ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल पर्यटन, होटल तथा पर्वतीय प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने। |
| १५ | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | मानव शरीर जलन नियन्त्रण तथा सजाय सम्बन्धी विधेयक तर्जुमा गर्न सिद्धान्त स्वीकृत गर्ने। |
| १६ | पूर्व गृह मन्त्री एवं प्रतिनिधिसभा सदस्य माननीय सुधन गुरुङको सम्बन्धमा अध्ययन तथा छानविन गर्न गठित समितिले पेश गरेको प्रतिवेदन नेपाल सरकार, मन्त्रिपरिषद्ले ग्रहण गर्ने। | |

## नेपाल सरकार, मन्त्रिपरिषद्को २०८३ जेठ २९ गतेको बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संविधान संशोधन बहसपत्र तयार गर्ने कार्यदल, २०८२ को २०८३ असार मसान्तसम्म म्याद थप गर्ने। |
| २ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सरकारी तथा सार्वजनिक जग्गा छानबिन एवं संरक्षणसम्बन्धी उच्चस्तरीय आयोग (रावल आयोग) को प्रतिवेदन, २०५२ कार्यान्वयन गर्न भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिने। |
| ३ | अर्थ मन्त्रालय | श्री रमेश कुमार धिताल, सिन्धुपाल्चोकलाई लेखामान बोर्डको अध्यक्ष पदमा मनोनयन गर्ने। |
| ४ | अर्थ मन्त्रालय | SASEC मुलुकहरू बिच निकासी हुने वस्तुको भन्सारमा पूर्व जानकारी प्राप्त गर्नेसम्बन्धी Memorandum of Intent स्वीकृत गर्ने र उक्त दस्तावेजमा नेपालको तर्फबाट हस्ताक्षर गर्न भन्सार विभागका महानिर्देशकलाई अख्तियारी प्रदान गर्ने। |
| ५ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | मध्य भोटेकोशी जलविद्युत आयोजनालाई वन क्षेत्रको जग्गा प्रयोग गरेवापत सट्टाभर्ना जग्गा उपलब्ध गराउने अवधि थप गर्न स्वीकृति दिने। |
| ६ | गृह मन्त्रालय | राष्ट्रिय परिचय व्यवस्थापन प्रणालीको उपप्रणालीको रूपमा रहेको ABIS को लाइसेन्स क्षमता थप गर्न स्वीकृति दिने। |
| ७ | रक्षा मन्त्रालय | नेपाली सेनातर्फ एकजना सहायक रथीलाई उपरथी दर्जामा बढुवा गर्ने। साथै, एकजना महासेनानीलाई अवकाशपूर्व सहायक रथी दर्जामा र एकजना सहायक रथीलाई अवकाशपूर्व उपरथी दर्जामा मानार्थ बढुवा गर्ने। |